प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

परासी, नवलपरासी (ब.सु.प.)

---

## प्रस्ताव आह्वान गरिएको सूचना

पहिलो पटक सूचना प्रकाशन भएको मिति: २०७८/१२/१७

कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.) को चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिलका कार्यक्रमहरू संचालन गर्न इच्छुक सहिद, द्वन्द पिडीत, पुर्व जन मुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्वासीले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०७९/०१/०२ गते) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित आवश्यक कागजात संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सबैको जानकारीको लागी प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

| सूचना नं. | कार्यक्रमहरुको नाम/लक्ष्य | बजेट (रु. लाखमा) | संचालन गर्न सकिने क्रियाकलापहरु | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | न्युनतम मापदण्ड | अनुदानको सीमा | संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ०७८/७९-२ | सार्वजनिक निजी साझेदारीमा सहिद द्वन्द पिडीत, पुर्व जन मुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्वासीका लागि कृषि उत्पादन मूलक रोजगार कार्यक्रम (पटक -१) | ८ | -कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कृयाकलापहरु। | जिल्लाभर | -सम्बन्धित सरकारी निकाय (मन्त्रालय, संवैधानिक निकाय, जिल्ला प्रशासन कार्यालय, स्थानिय तह लगायतका कार्यालय) बाट सहिद, द्वन्द पिडीत, पुर्व जन मुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्वासी समुदाय प्रमणित भएको हुनुपर्ने।<br>-कम्तिमा ३ कट्ठामा बाली तथा वस्तु उत्पादन योजना भएको हुनुपर्ने।<br>-मौरीको हकमा कम्तिमा ६ वटा मौरी घार (गोला सहित) र च्याउको हकमा न्युनतम ४० पोका बीउ प्रयोग गरि उत्पादन गर्नुपर्ने। | -स्वीकृत बजेटको परिधिभित्र रहि स्वीकृत लागत अनुमान सहित र कार्ययोजना अनुसार अधिकतम ८० प्रतिशत वा बढीमा रु. ८० हजार मध्ये जुन कम हुन आउछ सो रकम उपलब्ध गराइनेछ। | -स्वीकृत कार्यविधिको अनुसूची १ बमोजिमका कागजातहरू। | |

पुनश्चः कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा सोही बमोजिम कार्यक्रम संचालन हुनेछ। साथै माथि उल्लेखित कार्यविधिहरु, सूचना तथा आवेदकको नमुना ढाँचा कार्यालयको वेभसाईट http://nawalparasi.akc.gov.np बाट प्राप्त गर्न सकिने छ। सो सम्बन्धमा थप जानकारीको लागि कार्यालयको टेलिफोन नं. ०७८-५२०१२६ र ५२०१०६ मा सम्पर्क गर्न सकिने छ।

प्रमोद अर्याल
कार्यालय प्रमुख

---

फोन नं. ०७८-५२०१२६, ५२०१०६ Email: akcnawalparasi@gmail.com, Website: http://nawalparasi.akc.gov.np
"स्वच्छ र सक्षम निजामती प्रशासन:समृद्धि र सुशासन"